सहभागीका आधारमा अछामी नेपालीका सामाजिक भेद

अविलाल शाह, उपप्राध्यापक नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि. वि.
Email : abilalshah.cnas@gmail.com
Orcid iD : https://orcid.org/0009-0003-5405-3407

लेखसार

प्रस्तुत आलेख सहभागीका आधारमा देखापर्ने अछामी नेपालीका सामाजिक भेदको अध्ययनमा केन्द्रित छ । यसमा अछामको स्थानीय कथ्य भााषा वा अछामी नेपाली भाषाको अभिव्यक्तिगत स्वरूपलाई सामग्रीका रूपमा उपयोग गरी लिङ्गगत, जातिगत, शिक्षाको स्तर, पुख्यौली शासन र सहभागी बिचको सम्बन्धका आधारमा देखापर्ने भेदको विश्लेषण गरिएको छ । यसका लागि समाजभाषावैज्ञानिक होलमसका भाषाका सामाजिक भेदसम्बन्धी अवधारणा र अछामी नेपालीको मौलिक स्वरूपका आधारमा विश्लेषणकाो सैद्धान्तिक ढाँचा तयार गरिएको छ । गुणात्मक अनुसन्धान ढाँचा अवलम्बन गरिएको यस लेखमा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । अध्येता अछामी नेपाली भाषाको वक्ता भएकाले यस आलेखमा सामग्री सङ्कलनको सूचक स्वयम् अध्येता रहेका छन् । भाषिक वक्ता नै सहभागी हुन् । सहभागीलाई आधार मानी अछामी भाषिकाको सामाजिक भेदको अध्ययन गर्दा उमेरगत, जातिगत, लिङ्गगत, शासनगत, शिक्षाको स्तरगत र सहभागी बिचको सम्बन्धगत भाषिक भेद छुट्टिएका छन् । यस अध्ययननबाट अछामको कथ्य भाषिक स्वरूपको ज्ञान प्राप्त हुनुका साथै अछामी सामाजिक–सांस्कृतिक संरचनाबोध गर्न सहयोगी रहने निष्कर्षमा पुगिएको छ ।

शब्दकुञ्जी : भाषिका, भेद, सहभागी, शैली, परिवेश

Article's information
Manuscript received: 2026/01/20; Date of review: 2026/04/15, Date of manuscript acceptance: 2026/06/20
Publisher: Department of Nepali, Mahendra Morang Adarsh Multiple Campus, Biratnagar, Tribhuwan University.
DOI: https://doi.org/10.3126/vaikharivani.v3i2.96581
Homepage: https://www.nepjol.info/index.php/vaikharivani/; Copyright (c) 2026 Vaikharivani.
This work is licensed under the Creative Commons CC BY-NC License.
https://creativecommons.org/licenses/by-nc/4.0/

विषयपरिचय

नेपालमा विभिन्न भाषाहरू बोलिन्छन् । विभिन्न भाषामध्ये नेपाली भाषा यहाँको प्रमुख तथा राष्ट्रभाषा हो । नेपाली भाषा लामो समयदेखि बोलिँदै आएको छ । समयको अन्तराल, यातायातको कठिनाइ, भौगोलिक दूरी आदि कारणले यसमा विविध क्षेत्रीय भेदहरू देखापर्दछन् । नेपाली भाषाका क्षेत्रीय भेदको अध्ययन गर्ने परम्परा भाषाशास्त्री 'बिम्स' ले प्रारम्भ गरे पनि यस्तो अध्ययन गर्ने प्रथम स्वदेशी विद्वान् भाषाशास्त्री बालकृष्ण पोखरेल नै हुन् । यिनले पहिला नेपालीका क्षेत्रीय भेद भनेर जुम्ली, डोट्याली र पर्वते गरी तीन भेद छुट्याए पछि आफ्नो पूर्व धारणालाई परिवर्तन गरी नेपालीका पूर्वेली, माझाली, ओरपच्छिमा, पच्छिमा र परपच्छिमा गरी पाँच भाषिका हुने धारणा सार्वजनिक गरे । अछामी भाषिकालाई यिनले ओरपच्छिमा वर्गअन्तर्गत राखे । बन्धुले नेपाली भाषाका भाषिकालाई पश्चिमी, केन्द्रीय र पूर्वी भनेर वर्गीकरण गरेका छन् । उनले अछामी भाषिकालाई केन्द्रीय वर्गअन्तर्गत राखेका छन् । त्यसैगरी व्रतराज आचार्यले गोर्खाली वा पूर्वेली, सिञ्जाली वा केन्द्रीय र डोटेली वा पश्चिमेली भनी नेपाली भाषाका तीन भाषिकाको उल्लेख गरेका छन् । उनले अछामी भाषिकालाई सिञ्जाली वा केन्द्रीय भाषिकाअन्तर्गत राखेका छन् । स्नातकोत्तर तहको नेपाली विषयको शोधप्रयोजन पूरा गर्ने अध्येताहरूले विभिन्न आधारमा नेपाली भाषाको भाषिकाको निर्धारण

गरेका छन् । यस क्रममा अछाम जिल्लामा बोलिने नेपाली भाषलाई स्वतन्त्र भाषिकाका रूपमा छुट्टै नामकरणसमेत गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कलाई आधार मानी भाषा आयोगले प्रकाशन गरेको भाषिक तथ्याङ्क, २०७५ मा अछामी भाषिकालाई अछामी भाषा भनेर स्वतन्त्र भाषाका रूपमा उल्लेख गरे पनि शाह (२०६६) ले अछाम जिल्लाको वरिपरि बोलिने भाषिक स्वरूप र नेपाली भाषासँग स्वडेश पद्वतिको आधारमा अछामी भाषिकाको तुलनात्मक अध्ययन गरेर निकालेको निष्कर्ष र बोधागम्यताको समग्र स्थितिलाई हेर्दा यसलाई भाषा नभएर भाषिका भन्नु सान्दर्भिक देखिन्छ । राजनैतिक सीमानाका आधारमा यस भाषिकाको क्षेत्र सेती अञ्चलको अछाम जिल्लामा पर्दछ । भाषिक व्यवहारका आधारमा देखा पर्ने भेदलाई भाषाका समाजिक भेद भनिन्छ । भाषिक व्यवहारका आधारमा अछामी भाषिकका पनि विभिन्न भेद देखा पर्दछन । पूर्व अध्येताहरूले अछामी भाषिकाको नामकरण गरेर अछामी भाषिकालाई क्षेत्रीय भेदका रूपमा स्थापित गरी सोहीअनुरूप अध्ययन गरेका भए पनि त्यस भाषिकामा वर्ग, जाति, लिङ्ग, नातासम्बन्ध, सहभागी, अवस्था आदिका आधारमा देखापर्ने विभिन्न सामाजिक उपभेदको चर्चा भने गरेका छैनन् । यसै आवश्यकतालाई पूरा गर्नाका लागि यस अध्ययनमा भाषिक व्यवहारमा संलग्न सहभागीका आधारमा अछामी भाषिकाका सामाजिक भेदहरूको वर्णनात्मक अध्ययन गरिएको छ । अछामी भाषिकाको सामाजिक भेदको अध्ययनबाट अछामी सामाजिक संरचनाको अध्ययन गर्न, नेपाली भाषी र अछामी भाषी वक्ताबीचको सम्प्रेषणमा सहजता ल्याउन, राष्ट्रभाषाका रूपमा नेपालीको उन्नयन एवम् सम्बर्द्धन गर्न, नेपालमा प्राथमिक तहको शिक्षा मातृभाषामा दिन पाउने प्रावधान कानुनी रूपमा लागू भइसकेको हुँदा प्रस्तुत अध्ययनबाट यस प्रक्रियामा पनि सघाउ पुऱ्याउनका लागी यो अध्ययन महत्त्वपूर्ण छ ।

समस्याकथन

प्रस्तुत लेख सहभागीका आधारमा अछामी नेपालीका सामाजिक भेदको अध्ययनमा केन्द्रित छ । यसमा यही विषयलाई मुख्य समस्याका रूपमा लिइएको छ । नेपाली भाषाका विभिनन उपभाषिका र स्थानीय स्तरमा स्थानीय भेद पनि अस्तित्वमा छन् । नेपाली भाषाको मूल आवरणमा अछामी नेपाली भाषाको भेदमा विमर्श गरिए पनि यसको सामाजिक भेद तथा निर्मितिका आधारमा सूक्ष्म अध्ययनमा रहेको रिक्तताको पूर्तिका लागि अध्ययन गरिएको यस लेखका लागि निम्नलिखित शोधप्रश्नलाई आधार बनाइएको छ :

(क) अछामी नेपाली भाषामा सहभागी स्वरूप केकस्तो छ ?
(ख) अछामी नेपाली भाषामा पुर्ख्यौली शासन र शिक्षाको आधार कसरी व्यक्त भएको छ ?
(ग) अछामी नेपाली भाषामा सहभागी सम्बन्धको प्रयोजन के हो ?

प्रस्तुत लेख उपर्युक्त शोधप्रश्नका आधारमा सहभागीका आधारमा अछामी नेपालीका सामाजिक भेदको विश्लेषणमा केन्द्रित । अछामी नोपाली भाषाका विषयका साथै नेपाली भाषाको भाषावैज्ञानिक अध्ययन गर्न चाहने अध्येताका लागि भाषाको स्थानीय सामाजिक भेदसम्बन्धी अध्येताका साथै विद्यर्थीका लागि उपयोगी हुने यस लेखको औचित्य र प्राज्ञिक महत्त्वलाई पनि यही विषयले पुष्टि गर्दछ । यस लेखमा सहभागीका आधारमा अछामी नेपालीका सामाजिक भेदका अतिरिक्त अन्य भेदको विषयमा विमर्श नगरिनु यसको सैद्धान्तिक र विषयगत सीमाङ्कन पनि हो ।

अध्ययनविधि

प्रस्तुत अनुसन्धानमा मूलतः क्षेत्रीय अध्ययनविधिको अवलम्बन गरी सामग्री सङ्कलन गरिएको छ । शोधकर्ता स्वयम् यस भाषिकाको आदर्शवक्ता भएकाले आफैँलाई सूचक मानेर पनि सामग्रीसङ्कलन गरिएको छ ।

आवश्यक तथ्याङ्कको सङ्कलनका लागि प्रश्नोत्तर विधिको पनि उपयोग गरिएको छ । यस क्रममा सूचकबाट प्राप्त सामग्री टेपरेकर्डमा सुरक्षित राखिएको छ र केही सामग्री परिशिष्टमा दिइएको छ। प्राथमिक स्रोतबाट लिइएका सामग्रीको विश्लेषणका लागि पुस्तकालयीय विधिको र सङ्कलित तथ्यहरूको पुष्टिका लागि छलफल विधिको पनि उपयोग गरिएको छ । सामान्यतः अछामी भाषिकाको परिचय दिने क्रममा केही मात्रामा ऐतिहासिक विश्लेषण विधि अपनाए पनि अछामी भाषिकाका सामाजिक भेदको अध्ययनका क्रममा संरचनावादी भाषावैज्ञानिकले विकास गरेको वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा जनेट होलमस (२००८) ले प्रस्ताव गरेका भाषाका सामाजिक भेद छुटाउने प्रमुख आधारमध्ये सहभागीको आधारलाई अध्ययनको सैद्वान्तिक पर्याधार बनाइएको छ ।

सैद्वान्तिक पर्याधार

भौतिक विश्वसँग सम्बन्धित निश्चित भूगोलमा एक आपसमा सरसहयोग गरी मिलेर सबेका मान्छेहरूको समूहलाई समाज भनिन्छ । त्यो समाज व्यवहार बिनाको हुँदैन । कुनै पनि व्यवहार सम्पन्न गर्नका निम्ति पहिलो माध्यम भाषा नै हो । त्यसैले समाज एउटा भाषिक व्यवहारमा आबद्ध संरचना हो । भाषाको उत्पत्ति समाजमा भएको हो र भाषाकै माध्यमबाट सामाजिक व्यवहार सम्पन्न हुन्छ । समाजको ढाँचा विविधतामय हुन्छ, जसले भाषिक प्रयोगमा पनि विविधता ल्याउँछ । एउटा समाजमा एउटै मात्र जात, वर्ग, लिङ्ग, उमेर, संस्कृति आदिका मानिसहरू बसोबास भएको हुँदैन । भिन्नाभिन्नै जात, धर्म, वर्ग, लिङ्ग, उमेर भए पनि उनीहरूबीच सम्प्रेषण गर्ने भाषा एउटै वा फरक हुन सक्छ । त्यसैले समाजको माथि उल्लेखित विविधताले भाषिक व्यवहारमा वा भाषा प्रयोगमा देखिएको भिन्नतालाई भाषाका सामाजिक भेद भनिन्छ । 'विशेष गरी भाषाका सामाजिक भेद छुट्याउनका लागि विभिन्न विद्वान्हरूले आफ्ना मत अगाडि सारेका छन् । रोनाल्ड वार्डफ (१९८६) ले सामाजिक भाषिका सामाजिक समूहमा उत्पन्न हुने र ती समूहहरू वर्ग, धर्म र जातिका आधारमा छुट्टिने कुरा बताएका छन् । त्यसैगरी जर्ज युलर (१९९७) ले वर्ग, शिक्षा, उमेर र लिङ्गलाई सामाजिक भाषिका छुट्याउने आधारका रूपमा लिएका छन् । त्यसैगरी यसको सन्दर्भमा जनेट होलमसको अध्ययनलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । जनेट होलमस (२००८) ले भाषाका भाषिकाहरू छुट्याउने क्रममा भाषिक प्रयोगलाई आधार मान्दै सामाजिक भाषिकाका मुख्य आयामका रूपमा शैली, परिवेश र सहभागीलाई लिएका छन् ।

सामान्य अर्थमा शैली भनेको भाषा प्रयोग गर्ने तरिका हो । यसले भाषाको प्रयोग कसरी भइरहको छ भन्ने कुरा बुझाउँछ । वक्ता र श्रोताबीचको सम्बन्ध आत्मीय वा अनात्मीय कस्तो छ, सोही अनुरूपको सामाजिक परम्परामा आधारित भाषाको प्रयोग हुन्छ । औपचारिक र अनौपचारिक शैलीका भाषिक रूपम छुट्टा छुट्टै हुन्छ । तसर्थ सामाजिक भेद बन्नका लागि सहभागीहरूको अन्तर्क्रियात्मक प्रस्तुति वा शैलीको ठूलो महत्त्व हुन्छ । भाषा प्रयोग गर्ने व्यक्तिलाई सहभागी भनिन्छ । भाषाका सामाजिक भेद छुट्याउँदा कसले बोलिरहेको छ वा बोल्ने काममा को सहभागी भएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । जस्तैः शिक्षित सहभागी र अशिक्षित सहभागी, पुरुष सहभागी र स्त्री सहभागी, बालक सहभागी र बृद्ध सहभागी आदि । यिनीहरूबीच प्रयोग हुने भाषिक भेद सामाजिक मूल्यमान्यताबाट प्रभावित हुन्छ । परिवेश भनेको स्थान वा ठाउँ हो । वक्ता र श्रोता कुन परिवेशमा रहेर भाषा प्रयोग गरिरहेका छन्, त्यसका आधारमा भाषाका सामाजिक भेद जन्मने गर्दछन् । भाषिक प्रयोक्ताबीचको सम्बन्धगत परिवेश के छ, वा को व्यक्तिले कससँग भेटेको परिवेशमा कस्ता खालका भाषिक स्वरूप प्रयोग हुन्छन् भन्ने कुराले सामाजिक भाषिक छुट्याउने कार्यमा महत्त्व राख्दछ । यसका साथै सहभागीहरूको सम्बोधनको भाषिक व्यवहारबाट पनि भाषाका भेद छुट्टिन्छन् । भिन्न–भिन्न उमेर वर्ग लिङ्ग, नाताका सहभागीहरूबीच भाषिक सम्पर्क हुँदा उनीहरूले गर्ने सम्बोधन र अभिबादका आधारमा पनि भाषाका सामाजिक भेद छुट्टिन्छन् । मान्छे–मान्छेबीचको भाषिक व्यवहारका साथै मान्छे–देविदेवता तथा प्रकृतिसँगको भाषिक व्यवहारबाट पनि भाषाका सामाजिक भेद छुट्टिन्छन् ।

कुनै पनि भाषाका सामाजिक भेद छुट्याउने आधारहरू र नेपाली भाषाका सामाजिक भेदहरूको चर्चा माथि गरिएको छ। भाषिक प्रयोगको आधारमा सामाजिक भाषिका छुट्याउने आयामहरू मूलतः शैली, परिवेश र सहभागी छन् (होलमस, २००८, पृ. २३५–२६९)। विभिन्न विद्वान्हरूले दिएका माथि उल्लेखित मतहरू, कुनै पनि भाषा वा प्रकृतिलाई आधार मान्दै जनेट होलमस (२००८) को मत अनुसार भाषाका सामाजिक भेद छुट्याउने मूलतः सहभागी आधारलाई लिनु उपयुक्त देखिन्छ। सामान्य अर्थमा सहभागी भनेको भाषाको वक्ता हो। भाषिक व्यवहारमा कसले को सँग बोलिरहेको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। भाषिक व्यवहार भनेको सम्प्रेषण हो। भाषिक सम्प्रेषणमा भाषा प्रेषक र भाषा प्रापक हुन्छ। भाषिक सम्प्रेषणका प्रेषक र प्रापक नै सहभागी हुन्।

भाषाका प्रापक र प्रेषक एउटै खालका व्यक्ति नभई फरक–फरक प्रकृतिका हुन्छन्। यस्ता फरक–फरक प्रकृतिका प्रयोक्ता वा सहभागीका आधारमा भाषाका सामाजिक भेद जन्मन्छन्। भाषाको मानकीकृत रूप हुँदाहुँदै पनि विभिन्न पेसागत सेवा क्षेत्रसँग सम्बद्ध व्यक्तिहरूले आ–आफ्नो व्यावसायिक शैलीअनुसारको भाषा विकास गरेका हुन्छन्। जुन भाषाको मानक रूपबाट विचलित भएको हुन्छ। यस किसिमको भाषाको विभेदलाई सहभागी विभेद भनिन्छ (होलमस, २००८, पृ. २५९)। जुन कुनै समाज पनि वर्गीय विविधतामा आधारित हुन्छ। समाज भाषिक व्यवहारमा सञ्चालित संरचना भएकोले त्यहाँ पनि वर्गीय विविधता अनुसारका विभिन्न सहभागीको भाषिक व्यवहारबाट भाषिक विविधता देखा पर्दछन्। यसबाट भाषाका सामाजिक भेदहरू जन्मन्छन्। एउटा समाजमा विभिन्न आधारमा विभिन्न वर्गहरू छुट्टिन्छन्। जस्तोः लैङ्गिकताको आधारमा पुरुष वर्ग र स्त्री वर्ग, उमेरको आधारमा बाल वर्ग, युवा वर्ग र बृद्ध वर्ग, शासनको आधारमा शासक वर्ग र शासित वर्ग, शिक्षाको आधारमा शिक्षित वर्ग र अशिक्षित वर्ग आदि। यस्ता विभिन्न वर्गका सहभागीहरूले भाषाको प्रयोग आ–आफ्नै किसिमले गर्दछन्। जसबाट भाषाका सामाजिक भेद जन्मन्छन्। त्यसैले कुनै पनि भाषा वा भाषिका सामाजिक भेद छुट्याउँदा मूल आधारमा रूपमा ‘सहभागी’ लाई लिनु उपयुक्त हुन्छ।

परिणाम र विमर्श

अछामी नेपाली भाषाको सामिजक भेद निर्धारणमा सहभागीके मुख्य भूमिका छ। दुई जना व्यक्तिबीचमा हुने भाषिक अभिवादन र सम्बोधनबाट ती दुई सहभागी बीचको सम्बन्ध स्पष्ट हुन्छ। कुनै समाजमा बसोबास गर्ने वर्गहरू जस्तोः सानो उमेरको मान्छे र ठूलो उमेरको मान्छेबीच, कथित तल्लो जात र माथिल्लो जातबीच, मान्छे र देवीदेवताबीच, मान्छे र अन्य (सजीव र निर्जीव वस्तु) बीच, शिक्षक–विद्यार्थीबीच, ग्राहक–व्यापारीबीच, लोग्ने–स्वास्नीबीच, शिक्षित र अशिक्षितबीच, तल्लो र माथिल्लो नाताबीच सम्पर्क हुन्छ। यिनीहरूबीच सम्पर्क भई भाषिक व्यवहार सम्पन्न हुँदा भिन्ना भिन्नै भाषिक स्वरूपको निर्माण हुन्छ। यस्ता भाषिक स्वरूपहरू सम्बोधन र अभिवादनका आधारमा छुट्टाछुट्टै हुन्छन्। कतिपय अवस्थामा मान्छे–मान्छेबीच सम्पर्क हुँदा मात्र नभई मान्छे भावुक भएको अवस्थामा उसले देवीदेवता, पंक्षी, जनावर, निर्जीव वस्तुहरूसँग पनि एकोहोरो भाषिक व्यवहार गर्दछ। यसबाट पनि भाषाका सामाजिक भेद छुट्टिन्छन्। त्यसैले समाजमा दुई पक्षका सहभागी र सम्पर्कमा बीचको सम्बन्ध देखापर्ने अभिवादन र सम्बोधनका आधारमा भाषाका सामाजिक भेद छुट्टिने हुँदा सहभागी सम्बन्धगतलाइई पनि भाषाका सामाजिक भेद छुट्याउने सैद्धान्तिक आधारका रूपमा लिनु उपयुक्त हुन्छ।

अछामी भाषिकामा सहभागी

भाषिक प्रयोगमा सहभागी अनिवार्य हुन्छ। ती सहभागीहरू कुनै न कुनै वर्गमा विभक्त हुन्छन्। प्रत्येक समाजमा कुनै न कुनै किसिमको श्रेणीबद्धता वा वर्ग विभेद पाइन्छ। त्यो श्रेणिबद्धताको प्रभाव त्यो समाजको भाषिक व्यवहार (भाषा, भाषिका) मा पर्दछ। अछामी समाजमा पनि भाषिक प्रयोक्ता र ऊ रहेको वर्ग विभेदको प्रत्यक्ष प्रभाव

रहेको पाइन्छ । त्यो विभेदको असर अछामी भाषिकामा पनि परेको देखिन्छ । अछामी भाषिकामा सहभागीका आधारमा देखिएको भाषिक भेदलाई निम्नलिखित आधारमा चर्चा गर्नु उपयुक्त हुन्छ :

लिङ्ग

लिङ्ग भनेको स्त्री र पुरुष छुट्याउने प्राणीका शरीरको चिह्न हो । यसका आधारमा लिङ्ग दुई प्रकारका छन् : पुलिङ्ग र स्त्रीलिङ्ग । प्राकृतिक वा जैविक नियमअनुसार कुनै पनि समाजमा मान्छे दुई वर्गमा विभक्त हुन्छन् : पुरुष वर्ग र स्त्री वर्ग । लैङ्गिक वर्ग विभेदअनुसार सामाजिक भाषिक व्यवहार पनि फरक–फरक हुन्छ । त्यसैले पुरुष सहभागीले बोल्ने भाषा र स्त्री सहभागीले बोल्ने भाषामा फरकपन देखा पर्दछ । प्राकृतिक वा जैविक नियमअनुसार नै अछामी समाजमा लैङ्गिकताका आधारमा दुई वर्ग देखिन्छन् : पुरुष वर्ग र स्त्री वर्ग । अछामी भाषिकामा पनि अन्य भाषा वा भाषिका जस्तैः पुरुष सहभागीले बोल्ने भाषा र स्त्री सहभागीले बोल्ने भाषामा फरक परेको देखिन्छ । यसका साथै अन्यले पुरुषलाई बोलाउँदा प्रयोग गर्ने भाषा र स्त्रीलाई बोलाउँदा प्रयोग गर्नेमा पनि अन्य भाषामा जस्तै ठूलो अन्तर पाइन्छ । अछामी भाषिकाका लैङ्गिकताका आधारमा देखिने सामाजिक भेदलाई छुट्याउन तलका उदाहरणहरू लिऔँ :

तालिका नं. १ : लिङ्गगत आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

पुरुष	स्त्री
१. बाज्या मो कसो छु ? (बाजे म कस्तो छु ?) २. ती छोऱ्यांट्टा काँ जान्ना ? (ती केटा कहाँ जालान् ?) ३. पैला म नानु छ्याँ । (पहिले म सानो थिएँ ।) ४. ब्याउलो आया था पाका छ्यौँ । (बेहुलो आएको थाहा पाएका थियौँ ।) ५. हाट कैले जाउँला ? (हाटबजार कहिले जाउँला ?) ६. मेरी आमा घर गइँ । (मेरी आमा घर जानु भयो ।)	१. बाज्या म कसी छु ? (बाजे म कस्ती छु ?) २. ती छोऱ्याँट्टी काँ जान्नी ? (ती केटी कहाँ जालिन् ?) ३. पैला म नानी छ्याँ । (पहिले म सानी थिएँ ।) ४. ब्याउलो आया था पाकी छ्यौँ । (बेहुलो आएको थाहा पाएकी थियौँ ।) ५. हाट कैले जाउँली ? (हाट बजार कहिले जाउँला ?) ६. मेरी आमा घर गइँ । (मेरी आमा घर जानु भयो ।)

अछामी भाषिकामा प्रथम पुरुष केन्द्री भाषिक अभिव्यक्तिमा लिङ्ग भेद पाइन्छ । माथिको तालिका १ को उदाहरण १ मा प्रयोग भएको ‘कसो’ र ‘कसी’ विशेषण पदले, उदाहरण २ मा प्रयोग भएको ‘नानु’ र ‘नानी’ विशेषण पदले, उदाहरण ३ मा प्रयोग भएको ‘जाउँला’ र ‘जाउँली’ क्रिया पदले लिङ्ग भेद देखाएको छ । तसर्थ अछामी भाषिकामा ओकारान्त विशेषणमा प्रयोग हुने ‘आ’ उकारान्त विशेषणमा प्रयोग हुने ‘उ’ ले पुरुष सहभागीले प्रयोग गर्ने भाषालाई जनाउँछ भने इकारान्त विशेषणमा प्रयोग हुने ‘ई’ ले स्त्री सहभागीले प्रयोग गर्ने भाषालाई जनाउँछ । त्यसै गरी धातुमा लाग्ने ‘को’ ले र क्रियामा लाग्ने प्रत्यय ‘आ’ ले पुरुष सहभागीले प्रयोग गर्ने भाषालाई जनाउँछ भने धातुमा लाग्ने ‘’की ले र क्रियामा लाग्ने प्रत्यय ‘ई’ ले स्त्री सहभागीले प्रयोग गर्ने भाषालाई जनउँछ । अछामी भाषिकामा द्वितीय तथा तृतीय पुरुष केन्द्री भाषामा भने लिङ्गभेद पाइँदैन । यस कुरालाई तालिका १ मा प्रयोग भएको उदाहरण ५ ले प्रष्ट पारेको छ । माथिको व्याख्याले लैङ्गिकताका आधारमा अछामी भाषिकामा सामाजिक भेद छन् भन्ने कुरालाई प्रष्ट पारको छ ।

उमेर

‘जन्मेदेखि वर्तमान अवस्थासम्मको समय’ लाई उमेर भनिन्छ । खास गरी उमेर भन्नाले जीवनको कुनै पनि एक अवस्थालाई जनाउँछ । यस आधारमा मान्छेको जीवनमा बाल्यवस्था, युवावस्था बृद्धावस्था जस्ता उमेरका

अवस्था हुन्छन् । यी उमेरका अवस्थाअनुसार उनीहरूको संवेदनाहरू फरक–फरक हुन्छन् । यस कारणले उमेरअनुसार मानिस (सहभागी) ले बोल्ने भाषा पनि फरक ढङ्गको हुन्छ । अछामी भाषिक समाजमा पनि उमेरका विभिन्न अवस्थाअनुसार सहभागीले फरक–फरक ढङ्गको भाषिका प्रयोग गरेको पाइन्छ । विशेषतः जीवनका दुई अवस्थामा प्रयोग हुने भाषिक व्यहारलाई यसरी प्रष्ट पार्न सकिन्छ :

तालिका नं. २ : : उमेरका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

बाल्यावस्था	युवा र बृद्धावस्था
१. मो/मु नानु माम खानेउँ । (म थोरै भात वा पानी खान्छु ।) २. हाम्मी भाउ घर छ । (हाम्री बहिनी घरमा छे ।) ३. उल्ले चिची काट्यो । (उसले खसी काट्यो ।) ४. मेरो अक्को नाम्रो नाना छ । (मेरो अर्को राम्रो कपडा छ ।)	१. मो नानो भात खानेहुँ । (म थोरै भात खान्छु ।) २. हाम्री भाउ घर छ । (हाम्री बहिनी घरमा छे ।) ३. उल्ले सिकार काट्यो । (उसले खसी काट्यो ।) ४. मरो अक्को राम्डो टालो छ । (मेरो अर्को कपडा छ ।)

माथिको उदाहरणमा सानो उमेर भनेर पाँच वर्ष भन्दा तलको उमेर र ठूलो उमेर भनेर पाँच वर्षभन्दा माथिको उमेरलाई लिइएको छ । अछामी भाषिकामा सानो उमेर र ठूलो उमेरका सहभागीले प्रयोग गर्ने भाषामा भेद पाइन्छ । माथिको तालिका नं. २ को उदारहण १ मा नेपाली भाषाको 'थोरै' र 'भात' का लागि क्रमशः बाल्यावस्ता र युवा तथा बृद्धावस्थाका व्यक्तिले 'नानु' र 'नानो' तथा 'माम' र 'भात' शब्दको प्रयोग गर्दछन् । उदाहरण २ मा नेपाली भाषाको स्त्रीलिङ्गी भेदक विशेषण 'हाम्री' का लागि अछामी भाषिकामा बाल्यावस्थाकाले 'हाम्मी' र युवा तथा बृद्धावस्थाकाले 'हाम्री' शब्दको प्रयोग गर्दछन् । उदाहरण २ मा नेपाली भाषाको खसीको मासुका लागि अछामी भाषिका बाल्यावस्थाले 'चिची' र युवा तथा बृद्धावस्थाकाले 'सिकार' शब्दको प्रयोग गरेको भेटिन्छ । त्यसै गरी उदाहरणमा ४ मा नेपाली भाषाको 'अर्को राम्रो कपडा' पदावलीका लागि अछामी भाषिका वाल्यवस्थाकाले 'अक्को नाम्रो नाना' र युवा तथा बृद्धावस्थाकाले 'अक्को राम्डो टालो' पदावलीको प्रयोग गर्दछन् । त्यसैले माथिको चर्चाबाट अछामी भाषिकामा उमेरगत सहभागीका आधारमा सामाजिक भेदहरू छुट्टिन्छिन् ।

जाति

'हिन्दू समाजमा वंशपरम्परा, संस्कार, धर्म, कर्म आदिका आधारमा छुट्टिने बाहुन, क्षेत्री आदि जात' लाई जाति भनिन्छ । धार्मिक पवित्रताका आधारमा अछामी समाजमा जातिगत वर्ग मूलतः दुई खालका देखिन्छन्: निम्न वा तल्लो जात र उच्च वा माथिल्लो जात । जातिगत वर्गव्यवस्थामा ब्राह्मण, ठकुरी र क्षेत्री माथिल्लो वा उच्च जातभित्र र अन्य जाति तल्लो वा निम्न जातभित्र पर्ने कहलिएको भेटिन्छ । अछामी समाजको जातिगत वर्गव्यवस्थाको प्रभाव उनीहरूको भाषिक व्यवहारमा परेको भेटिन्छ । जातिका हिसाबले सहभागीले प्रयोग गर्ने भाषिक व्यवहारका आधारमा अछामी भाषिकामा देखिएका सामाजिक भेदलाई प्रष्ट पार्न तलका उदाहरण हेरौँ :

तालिका नं. ३ : जातीय आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

माथिल्लो जाति	तल्लो जाति
१. बुआ याँ आओ । (बुवा यता आउनुहोस् ।) २. मेरी नन्न घर गइँ । (मेरी नन्द घर गइन् ।) ३. तो स्कुल जा । (तँ स्कुल जा ।) ४. मेरा काका बम्वै बाइगया । (मेरा काका मुम्बै गइ हाल्नुभयो ।)	१. बा याँ आओ । (बुवा यता आउनुहोस् ।) २. मेरी गोसी घर गइँ । (मेरी नन्द घर गइन् ।) ३. तु स्कुल जा । (तँ स्कुल जा ।) ४. मेरा काउजु बम्बै बाइगया । (मेरा काका मुम्बै गइ हाल्नुभयो ।

सम्बन्धवाचक शब्द र केही सार्वनामिक शब्द आधारमा अछामी भाषिकामा जातिगत सामाजिक भेद छुट्टिन्छन् नेपाली भाषाका बुबा, नन्द, तँ र काका शब्दका लागि अछामी समाजका कथित माथिल्लो जातिको सहभागीले क्रमशः बुआ, नन्न, तो र काका शब्दको र तल्लो जातिको सहभागीले बा, गोसी, तु र काउजु शब्दको प्रयोग गर्दछन् । माथिको भाषिका प्रयोगबाट अछामी भाषिकामा जातिगत सामाजिक भेदहरू प्रष्ट देखिन्छन् ।

पुर्ख्यौली शासनको आधार

अछामको पुर्ख्यौली शासन व्यवस्थालाई हेर्ने हो भने त्यो समाज शासक र शासित वर्गका विभक्त देखिन्छ । यो आधारमा हेर्ने हो भने अछामी समाज ठकुरी जाति र इतर जातिका रूपमा छुट्न्छि । शासक वर्गका ठकुरीहरू र शासित वर्गका इतर ण्जाति पर्दछन् । यो वर्ग व्यवस्थाको प्रभाव भाषिक व्यवहारमा पनि देखिन्छ । अछामी भाषिकामा पुर्ख्यौली शासक सहभागी र शासित सहभागीको आधारमा देखिने सामाजिक भेदलाई तलका उदाहरणमा देखाइएको छः

तालिका नं. ४ : *पुर्ख्यौली शासनका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद*

पुर्ख्यौली शासक (ठकुरी)	पुर्ख्यौली शासित (अन्य)
१. मुआँ खाना खाइस्यो । (आमा खाना खानुहोस् ।) २. दिज्यू आइस्यो । (दिदी आउनुभयो ।) ३. हाम्री मैयाँ काँ छन् । ? (हाम्री छोरी कहाँ छन् ?) ४. भौउजू भुजा खाइसक्यो ? (भाउजू भात खानुभयो ?) ५. जिजुमुआँ दुलै काँ छ ? (बजै बुहारी कहाँ छे	१. आमा खाना खाओ । (आमा खाना खानुहोस् ।) २. दि/दिदी आइँ । (दिदी आउनुभयो ।) ३. हाम्री छोऱ्याँट्टी काँ छन् ? (हाम्री छोरी कहाँ छन् ?) ४. बौजु भात खाया ? (भाउजू भात खानुभयो ?) ५. बज्यै ब्वारी काँ छ ? (बजै बुहारी कहाँ छे ?)

विशेषतः सम्बन्धवाचक र आदरार्थी शब्दका आधारमा अछामी भाषिकामा पुरव्यौली शासनको आधारमा सामाजिक भेद छुट्टिन्छन् । माथिको तालिकामा प्रयोग भएका नेपाली भाषाका सम्बन्धावचक शब्दहरू आमा, दिदी, छोरी, भाउजु, बजै र बुहारी, आदरार्थी क्रिया खानुहोस्, आउनुभयो र खानुभयो तथा नाम पद 'भात' का लागि अछामी भाषिकामा पुरव्यौली शासक वा ठकुरी सहभागीले क्रमशः मुआँ, दिज्यु, मैयाँ, भौउजु, जिजुमुआँ, दुलै खाइस्यो, आइस्यो र भुजा शब्दको प्रयोग गरेको भेट्टिन्छ भने पुरव्यौली शासित वा अन्य सहभागीले क्रमशः आमा, दि, दिदी, छोऱ्याँट्टी, बौजू, बज्यै, ब्वारी, खाओ, आइँ, खाया र भात शब्दको प्रयोग गरेको भेट्टिन्छ । माथिको चर्चाका आधारमा पुरव्यौली शासनको आधारमा अछामी भाषिकाका सामाजिक भेद छन् भन्ने प्रष्ट हुन्छ ।

शिक्षा

'सिकेर, सुनेर वा अन्य कुनै पनि प्रकारले समाज र प्रकृतिद्वारा ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक बोध' लाई शिक्षा भनिन्छ । यसका साथै विद्यालय वा महाविद्यालयमा गई औपचारिक ढङ्गले पढ्ने कामलाई पनि शिक्षा भनिन्छ । कुनै पनि समाज शिक्षाको आधारमा दुई वर्गमा विभक्त हुन्छः शिक्षित वर्ग र अशिक्षित वर्ग । औपचारिक रूपमा विद्यालयमा गई कक्षामा अध्ययन गरेको वा समाज र प्रकृतिद्वारा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्राप्त गरेको वर्गलाई शिक्षित वर्ग र विद्यालयमा गई औपचारिक ढङ्गले अध्ययन नगरको तथा समाज र प्रकृतिबाट कम ज्ञान प्राप्त गरेको वर्गलाई अशिक्षित वर्ग भनिन्छ । अछामी समाज पनि शिक्षाको आधारमा शिक्षित वर्ग र अशिक्षित वर्ग गरी दुई वर्ग व्यवस्थामा विभक्त देखिन्छ । अछामी समाजमा शिक्षित र अशिक्षित वर्ग विभेदलाई साक्षरता (साक्षर र निरक्षर) का आधारमा हेरिएको छ । सामान्य लेखपढ गर्न सक्ने वा साक्षरलाई शिक्षित र सामान्य पनि लेखपढ गर्न नजान्ने वा

निरक्षरलाई अशिक्षित भनेर भनिन्छ । व्यावहारिक तथा सैद्धान्तिक ज्ञान प्राप्तिका दृष्टिले हेर्ने हो भने विभिन्न ठाउँ घुमेका व्यक्तिहरू र विशेष गरी अछामका मानिसहरू अर्थोपार्जनका निम्ति भारतका विभिन्न ठाउँमा काम गर्न जाने गरेका छन् र तिनीहरूले त्यहाँका समाज र प्रकृतिबाट केही ज्ञान प्राप्त गरेका हुन्छन् । त्यस्ता व्यक्तिहरूलाई शिक्षित र अन्यलाई अशिक्षितको रूपमा लिइन्छ । शिक्षाका आधारमा देखिने यस्ता वर्ग विभेदले गर्दा अछामी भाषिक व्यवहार पनि विभेदपूर्ण नै देखिन्छ । यसका लागि उदाहरण स्वरूप केही वाक्यांश हेरौँ :

तालिका नं. ५ : शिक्षाका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

अशिक्षित वर्ग	शिक्षित वर्ग
१. नानी मस्तै पड्याइ छ । (सानी धेरै पढेकी छे ।) २. काम आछी, काज आछी । (काम छैन, काज छैन ।) ३. तुमी अैथी बहा काँ छ्या ? (तिमी अस्ति बेलुकी कहाँ थियौँ ?) ४. आजबेली सार्रै घाम छ । (आजकाल धेरै गर्मी छ ।)	१. नानी धेरै पड्याइ छ । (सानी धेरै पढेकी छे ।) २. काम नाइ, काज नाइ । (काम छैन, काज छैन ।) ३. तोमी अस्ति बासा काँ छया ? (तिमी अस्ति बेलुकी कहाँ थियौ ?) ४. आजकाल बहुत गरम छ । (आजकाल धेरै गर्मी छ ।)

माथिको तालिका नं. ५ का उदाहरणमा आछामी भाषिकामा शिक्षाका आधारमा भाषिक भेद देखिन्छन् । उदाहरण १ मा अशिक्षित सहभागीले ‘मस्तै’ (धेरै) र शिक्षित सहभागीले ‘ढेरै’ (धेरै) र उदाहरण २ मा अशिक्षित सहभागीले ‘आछी’ (छैन) र शिक्षित सहभागीले ‘नाइ’ (छैन) शब्दको प्रयोग गरेको पाइन्छ । त्यसै गरी उदाहरण ३ मा अशिक्षितसहभागी ले तुमी, अैथी र बाहा (तिमी), अस्ति र बेलुकी) र शिक्षित सहभागीले क्रमशः तोमी, अस्ति र बासा (तिमी, अस्ति र बेलुकी) र उदाहरण ४ मा अशिक्षित सहभागीले आजबेली, सार्रै र घाम (आजकल, धेरै र गर्मी) र शिक्षित सहभागीले क्रमशः आजकाल, बहुत र गरम (आजकाल, धेरै र गर्मी) शब्दको प्रयोग गरेको पाइन्छ । यसरी उही अर्थका लागि शब्द र वाक्यका तहमा अर्को रूपसंरचना भएको शब्द र वाक्यहरू प्रयोग भएका देखिन्छन् । यस्तो प्रयोग शिक्षित सहभागी र अशिक्षित सहभागीमा फरक–फरक ढङ्गले देखापरेकाले अछामी भाषिकामा शिक्षाका आधारमा सामाजिक भेद पाइन्छन् भन्ने कुरा प्रष्ट हुन्छ । अछामी शिक्षित सहभागीले प्रयोग गर्ने भाषिक व्यवहारमा हिन्दी भाषाको प्रभाव बढी मात्रामा देखापर्दछ ।

सहभागी सम्बन्धको आधार

सामान्य अर्थमा सम्बन्ध भनेको एकअर्काबीचको सम्पर्क हो । ‘कुनै एउटा वस्तु वा कुरा अर्को वस्तु वा कुरासँग जोडिने काम, संयुक्त हुने काम, योग’ लाई सम्बन्ध भनिन्छ । एउटा समाजमा बसोबास गर्ने मानिसहरूबीच आपसी सम्बन्ध स्थापित हुन्छ । यस्तो एकअर्काबीचको सम्पर्कले एउटा निश्चित सहभागीहरूको सम्बन्धलाई सङ्केत गर्छ । भाषिक व्यवहारबाट नै उनीहरूबीचको सम्बन्ध बलियो हुन्छ । यस्तो परिवेशमा भाषिक वक्ताले भाषाका विभिन्न रूपको प्रयोग गर्दछ । यसबाट भाषाका सामाजिक भेद जन्मन्छन् । ‘सम्बोधन’ र ‘अभिवादन’ ले नै सहभागी सम्बन्धगत परिवेशलाई प्रष्ट पार्छ । अछामी समाज पनि आपसी सम्बन्ध मै आबद्ध छ । त्यहाँको भाषिक व्यवहारगत सम्बन्ध पनि मूलतः ‘सम्बोधन’ र ‘अभिवादन’ मै आश्रित छ । अछामी भाषिकामा विभिन्न जातजातिबीचको सम्बधगत, नातासम्बन्धमा ठूला र सानाबीचको सम्बधगत लोग्ने र स्वास्नीबीचको सम्बन्धगत, मान्छे र सजीव तथा निर्जीवबीचको सम्बन्धगत मान्छे र देवीदेवताबीचको सम्बन्धगत परिवेशलाई पनि मान्छे–मान्छेबीचको सम्बन्धगत परिवेश र मान्छे र अन्यबीचको सम्बन्धगष्त परिवेश गरी दुई भागमा बाँडेर अध्ययन गरिन्छ । अछामी भाषिकामा सम्बन्धगत (सम्बोधन र अभिवादन) का कारण देखा पर्ने विभिन्न सामाजिक भेदलाई तल चर्चा गरौँ :

मान्छे–मान्छे सहभागीबीचको सम्बन्ध

एउटा समाज मान्छे–मान्छेबीचको सम्पर्क र सहकार्यबाट निर्मित हुन्छ । अछामी समाजमा पनि मान्छे–मान्छेबीच सम्पर्क र सहकार्य रहेको पाइन्छ । यही आपसी सम्पर्कको परिवेशमा भाषिक सम्पर्क पनि स्थापित भएको छ । मान्छे–मान्छेबीचको भाषिक सम्बन्धगत परिवेश (सम्बोधन र अभिवादन) लाई निम्नलिखित ढङ्गले चर्चा गर्नु उपयुक्त देखिन्छ :

लोग्ने र स्वास्नी सहभागीबीचको सम्बन्ध

अछामी समाजमा लोग्ने र स्वास्नीबीच प्राकृतिक सम्बन्धका साथै सामाजिक तथा भाषिक सम्बन्ध पनि स्थापित छ । अछामी भाषिकामा लोग्ने र स्वास्नीबीचको सम्बन्धगत परिवेशको भाषिक व्यवहारमा भाषिक सम्बोधन र अभिवादन फरक ढङ्गले देखिन्छ । परम्परागत मान्यताअनुसार त्यहाँ लोग्नेको नाम काटेर बोलाउने प्रचलन छैन । यिनीहरूले एकआपसमा निम्निलिखित ढङ्गको भाषिक सम्बोधन गरको भेटिन्छ :

तालिका नं. ६ : लोग्ने र स्वास्नी सहभागीबीचको सम्बन्धका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

लोग्नेले स्वास्नीलाई	स्वास्नीले लोग्नेलाई
१. एह ओडि आ । (ए, यता आऊ ।)	१. ओउ ओडो आव । (ओ यता आउनुहोस् ।)
२. ए तु/तो काँ जाने होइ ? (ए तिमी कहाँ जाने हो ?)	२. ओउ तोमी काँ जाने होव ? (ओ तपाईँ कहाँ जान लाग्नुभयो ?)
३. राम्याई आमा आई । (रामेकी आमा आइन् ।)	३. राम्या बा आया । (रामेका बाबा आए ।)
४. यइकी आमा आई । (यसकी आमा आइन् ।) छोराछोरीलाई देखाएर	४. यइका बा आया । (यसका बुबा आउनुभयो ।) छोराछोरीलाई देखाएर
५. बाँची रह्यौ । (बाँची रहेस् ।)	५. जद्धेउ । (दर्शन)

उपर्युक्त तालिकाअनुसार अछामी भाषिकामा प्रत्यक्ष बोलाउँदा लोग्नेले स्वास्नीलाई ‘ए’ अनादर शब्द र स्वास्नीले लोग्नेलाई ‘ओउ’ आदरार्थी शब्दको प्रयोग गरको पाइन्छ । यसै गरी लोग्नेले स्वास्नीलाई अनादरवाचक सर्वनाम ‘तु/तो’ को प्रयोग र स्वास्नीले लोग्नेलाई आदरवाचक ‘तोमी’ शब्दको प्रयोग गरको भेटिन्छ । लोग्नेले स्वास्नीको नाम भन्नुपर्दा आफ्ना छोराछोरीलाई देखाएर वा नाम भनेर ‘यइकी आमा’, ‘राम्याई आमा’ भन्ने चलन छ भने स्वास्नीले पनि लोग्नेलाई बोलाउँदा सोही अनुसार ‘यइका बा’, ‘राम्या बा’ भन्ने चलन छ । अभिवादन गर्दा स्वास्नीले लोग्नेलाई ‘जद्धेउ’ भन्ने र लोग्नेले स्वास्नीलाई ‘बाँची रह्यौ’ भन्ने चलन छ । यसरी माथिको चर्चाबाट लोग्ने–स्वास्नीबीचको सम्बन्धगत परिवेशको भाषिक व्यहावरबाट अछामी भाषिकाका सामाजिक भेद छुट्न्छिन् ।

तल्लो र माथिल्लो नाता सहभागीबीचको सम्बन्ध

उमेर र धार्मिक तथा सामाजिक मान्यताअनुसार नातासम्बन्धमा आदार गर्नुपर्ने र आदार गर्नु नपर्ने हुन्छ । नातामा जसले आदर गर्नुपर्ने हुन्छ, त्यो तल्लो र जसले आदर पाउँछ, त्यो माथिल्लो हुन्छ । सानोले ठूलोलाई र ठूलोले सानोलाई गर्ने हरेक समाजको भाषिक व्यवहार फरक हुन्छ । अछामी भाषिक समाजमा पनि नाताका दृष्टिले तल्लो र माथिल्लो वर्गबीच सम्पर्क भएको अवस्थामा भाषिक अभिव्यक्तिमा फरकपन देखापर्छ । विशेष गरी यसमा सम्बोधनवाचक, आदरवाचक र सार्वनामिक पदमा नातासम्बन्धको भाषिक अभिव्यक्तिमा भेद देखापर्दछ । यसलाई तलको तालिकामा देखाइन्छ :

तालिका नं. ७: तल्लो र माथिल्लो नाता सहभागीबीचको सम्बन्धका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद

तल्लो नाता हुनेले माथिल्लो नाता हुनेलाई	माथिल्लो नाता हुनेले तल्लो नाता हुनेलाई
१. ओइ दाजु (ओ दाइ) २. दाजुअऊ काँ जान्या हो ? (दाइ कहाँ जानु हुन्छ ?) ३. तोमी/तुमी घर बाइजाओ । (तपाईँ घर गइ हाल्नुहोस् ।) ४. सम्दिअउ, तोमी कैल आउन्या हो ? (सम्धीज्यू, तपाईँकहिले आउनु हुन्छ ?)	१. ए भाउ (ए भाउ) २. भाउअ काँ जाने होइ ? (भाइ कहाँ जाने हो ? ३. तु/तो घर बाइजा । (तँ घर गइ हाल ।) ४. सम्दिअउ, तोमी कैले आउन्या हो ? (सम्धीज्यू, तपाईँकहिले आउनु हुन्छ ?)

माथिको तालिकामा दिइएका उदाहरणका आधारमा के स्पष्ट हुन्छ भने अछामी भाषिकामा उमेरले कान्छो र जेठो तथा नाताले सानो (तल्लो) र ठूलो (माथिल्लो) व्यक्तिबीच सम्बोधन र आदरका दृष्टिले भाषामा भेद देखा परेको छ । यस भाषिक समाजमा तल्लो उमेर तथा नाताको व्यक्तिले माथिल्लो उमेर तथा नाताका व्यक्तिलाई सम्बन्धवाचक शब्द 'आइ' को र माथिल्लो उमेर तथा नाताको व्यक्तिले तल्लो उमेर तथा नाताको व्यक्तिलाई सम्बन्धवाचक शब्द 'ए' को प्रयोग गरेको पाइन्छ । त्यसै गरी यी दुई वर्गबीचको सम्बन्धमा नामका पछाडि 'अउ' जोड्दा आदर र 'अ' जोड्दा अनादर अर्थ लाग्दछ । यो कुरालाई उदाहरण २ मा प्रष्ट पारिएको छ । सार्वनामिक शब्दको प्रयोगमा कान्छो तथा सानोले ठूलो तथा माथिल्लोलाई 'तोमी/तुमी को प्रयोग र ठूलो तथा माथिल्लोले सानो तथा कान्छोलाई 'तु/तुमी' को प्रयोग गर्ने स्थिति देखिन्छ । त्यसे गरी समान नाता जस्तोः सम्धी–सम्धीबीच, ज्वाँई–जेठानबीच, मित–मितबीच भएको सम्पर्कको परिवेशमा भाषिक व्यवहार समान ढङ्गको आदरार्थी प्रयोगबाट हुन्छ । तसर्थ माथिको चर्चाबाट अछामी भाषिकाका सामाजिक भेद प्रष्ट हुन्छन् ।

तल्लो र माथिल्लो जातको सहभागीबीचको सम्बन्ध

कुनै पनि समाजको सांस्कृतिक मूल्यमान्यताले त्यस समाजमा जातीय विभेद देखिन्छ । अछामी समाजमा पनि अछामको सामाजिक संस्कार र मूल्यमान्यताअनुसार जातिगत विभेद देखिन्छ । यो समाजमा विशेष गरी ब्राह्मण, ठकुरी र क्षेत्रीलाई माथिल्लो जात तथा कामी र दमाईलाई तल्लो जातका रूपमा लिइएको पाइन्छ । कथित तल्लो जातका र माथिल्लो जातका मान्छेहरू एउटै समाजमा मिलेर बसेकाले उनीहरूबीच भाषिक व्यवहार सम्पन्न हुन्छ । यी दुई जातीबीचको सम्पर्क र सम्बन्ध हुँदाको अवस्थामा प्रयोग हुने भाषिक स्वरूप केही भिन्न खालको देखिन्छ । विशेषतः तल्लो जातका मान्छेले माथिल्लो जातका मान्छेलाई र माथिल्लो जातका मान्छेले तल्लो जातका मान्छेलाई बोलाउँदा प्रयोग गर्ने सम्बोधन तथा अभिवादनबाट भाषिक विभेद छुट्टिन्छ । सम्बोधनवाचक शब्द र सार्वनामिक शब्दबाट यो विभेद स्पष्ट हुन्छ । यस्ता भाषिक विभेद हेर्न तलका उदाहरणहरू हेरौँ :

तालिका नं. ८: *तल्लो र माथिल्लो जातको सहभागीबीचको सम्बन्धका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद*

माथिल्लो जातले तल्लो जातलाई	तल्लो जातले माथिल्लो जातलाई
१. तु/तो काँइ हाइ ? (त कहाँबाट आइस् ?) २. तेरो नाउँ सेऱ्या होकी ? (तिम्रो नाम सेर हो ?) ३. तोमी घर बाइजाव । उमेरले ठूलो भएमा (तपाईँ घर गइहाल्नुहोस् ।) ४. बाँचिरहेइ । (बाँचिरहेस् ।)	१. ताँ/हजुर काँइ आएबइ ? (तपाईँ कहाँबाट आउनुभयो ?) २. तोम्रो नाउँ सेरअउ होकि ? (तपाईँको नाम सर हो ?)

५. राम्या याँ आ । (राम यहाँ आऊ ।)	३. तोमी घर बाइजाव । उमेरले सानो भएमा (तपाईँ घर गइहाल्नुहोस् ।) ४. नमस्कार, जधौँ हजुर/साय । (नमस्कार हजुर/साहेब ।) ५. खोलाघर्य राम याँ आव । (खोलाघरे रामबहादुर यहाँ आउनुहोस् ।)

तल्लो जातका व्यक्तिले माथिल्लो जातको व्यक्तिलाई आदरार्थी 'तोमी वा हजुर' शब्दको प्रयोग गर्दछन् भने माथिल्लो जातका व्यक्तिले तल्लो जातका व्यक्तिलाई 'तु/तो' अनादरार्थी शब्दको प्रयोग गर्दछन् । यसलाई उदाहरण १ को वाक्यले प्रष्ट पारेको छ । माथिल्लो जातका व्याक्तिले तल्लो जातका व्यक्तिलाई बोलाउँदा नाम काढेर बोलाउँछन् । यस क्रममा नामका पछाडि 'या' प्रत्यय जोडेर आदरवाचक बनाउँछन् । तल्लो जातका व्यक्तिले माथिल्लो जातका व्यक्तिलाई बोलाउँदा नाम काढ्नु पर्‍यो भने नामका पछाडि 'अउ' प्रत्यय जोडेर बोलाउँछन् भने नाम नकाढ्दा नामको सट्टा स्थानवाची शब्दलाई विशेषण बनाउर (खोलाघर्यू) बोलाउँछन् । यी कुरालाई माथिको उदाहरण २ र ५ ले प्रष्ट्याएको छ । त्यसै गरी माथिको जातको सानो उमेरको व्यक्ति र तल्लो जातको ठूलो उमेरको व्यक्तिबीचको भाषिक व्यवहार हुँदा समान ढङ्गले आदरार्थी शब्द 'तोमी/तुमी' (तपाईँ) को प्रयोग गरिएको पाइन्छ । यस कुरालाई उदाहरण ३ ले प्रष्ट पारेको छ । तल्लो जातका व्यक्तिले माथिल्लो जातका व्यक्तिलाई अभिवादन गर्दा 'नमस्कार वा जधौ' भन्दछन् भने माथिल्लो जातका व्यक्तिले 'बाँचिरहे' भन्छन् । यो कुरा उदाहरण नं. ४ मा छ । त्यसैले अछामी भाषिकामा तल्लो जातकाले माथिल्लो जात र माथिल्लो जातकाले तल्लो जातकालाई बोलाउँदा फरक–फरक ढङ्गको भाषिक स्वरूप प्रयोग गर्ने हुँदा यी दुईबीचको सम्बन्धगत परिवेशबाट अछामी भाषिकाका सामाजिक भेद प्रष्ट हुन्छन् ।

ब्राह्मण र ठकुरी सहभागीबीचको सम्बन्ध

अछामी भाषिक समाजमा ब्राह्मण र ठकुरीबीचको सम्बन्ध हुँदाको अवस्थामा बोलिने भाषा भिन्नै खालको छ । विशेष गरी यिनीहरूबीच परस्पर आदरको प्रयोग हुन्छ । यी दुवै जातिले एक अर्कालाई उच्च आदरार्थीको प्रयोग गरको पाइन्छ । ब्राह्मण र ठकुरीबीचको सम्बन्धगत परिवेशमा हुने भाषिक सम्प्रेषणमा देखापर्ने सामाजिक भेदलाई तलका उदाहरणबाट प्रष्ट पारौँ :

तालिका नं. ९: *ब्राह्मण र ठकुरी सहभागीबीचको सम्बन्धका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद*

ब्राह्मणले ठकुरीलाई बोलाउँदा	ठकुरीले ब्राह्मणलाई बोलाउँदा
१. खाना खाइस्या हो क्या ? (खाना खानु भएको हो कि ?) २. हजुर साते जाउँ, ढुकिस्यो , (हजुर, सँगै जाऔँ, पर्खनुहोस् ।) ३. सोस्ति हजुर । (नमस्कार हजुर ।)	१. खाना खाइस्या हो क्या ? (खाना खानु भएको हो कि ?) २. हजुर साते जाउँ ढुकिस्यो । (हजुर, सँगै जाउँ, पर्खनुहोस् ।) ३. पाउलागि हजुर । (नमस्कार हजुर)

अछामी भाषिक समाजमा ब्राह्मण र ठकुरीबीच सम्पर्क भएको परिवेशमा समान ढङ्गको आदरार्थी भाषिक व्यहार भेटिन्छ । ब्राह्मणले ठकुरीलाई र ठकुरीले ब्राह्मणलाई बोलाउँदा चाहे त्यो आफू भन्दा कान्छो र गरिब किन नहोस् ? उच्चआदरको प्रयोग गर्दछन् । भेट हुँदा ब्राह्मणलाई ठकुरीले अभिवादका लागि प्रयोग हुने 'नमस्कार' का लागि 'पाउलागि गुरु' भन्दछन् भने ब्राह्मणहरूले त्यसको प्रतिउत्तर स्वरूप 'सोस्ति' भन्दछन् । माथिको चर्चाबाट अछामी भाषिकाका सामाजिक भेद स्पष्ट हुन्छन् ।

मान्छे र अन्य सहभागीबीचको सम्बन्ध

कुनै पनि समाजको भाषिक व्यवहार केवल मान्छेसँगको दोहोरो सम्प्रेषणमा मात्र आधारित हुँदैन। मान्छेबाहेक देवीदेवता, पशुपंक्षी, खोलानाला, बोटबिरुवा, ढुङ्गा आदिसँग पनि भाषिक व्यवहार सम्पन्न हुन्छ। अछामी भाषिक समाजमा पनि मान्छेले मान्छेसँग सम्बन्ध राख्दाको परिवेशका साथै माथि उल्लेखित अन्य सजीव तथा निर्जीव वस्तुहरूसँगको सम्बन्धगत परिवेशमा पनि भाषिक व्यवहार गरेको देखिन्छ। यस्तो सम्बन्धगत परिवेशलाई निम्नलिखित दुई भागमा बाँडेर अध्ययन गर्न उपयुक्त देखिन्छः

मान्छे र देवीदेवता सहभागीबीचको सम्बन्ध

अछामी समाजमा मस्टो, टिमिल्या, निल्कटी आदिलाई संरक्षक देवताको रूपमा लिने गरेको भेटिन्छ। धामी द्यौगाड्न (पडेली भन्न) लाग्दा गादीमा बसेर घन्ट बझाउँदै पडेली भन्न लाग्छ। यस्तो परिवेशमा अरूले धामीलाई सामान्य व्यक्तिको रूपमा नहेरी देवताको रूपमा हेर्दछन्। यस क्रममा धामी र सामान्य मान्छेहरूबीच वार्तालाप हुन्छ। यो वार्तामा अछामी भाषिकाका सामाजिक विभेद देखापर्दछन्। जस्तैः

तालिका नं. १० : *मान्छे र देवीदेवता सहभागीबीचको सम्बन्धका आधारमा अछामी नेपाली भाषाका सामाजिक भेद*

सामान्य मानिसले देवता (धामी) लाई बोलाउँदा	देवता (धामी) ले सामान्य मान्छेलाई बोलाउँदा
१. प्रमेछोरा माहाराज, बुरा नहोइजाया। (प्रमेश्वर माहाराज दुःख नमान्नु होला।) २. तोमी खिमा दिया, महाराजौ। (हजुर क्षमा दिनु होस्, महाराज।) ३. तिम्रो शक्ति देखिजाओस्, महाराज।) धामी आफूभन्दा कान्छो, सानो नाता र तल्लो जातको भए पनि ४. भत्याग्रो काटुला, प्रमेछोरा। (बोको काटुला प्रमेश्वर।)	१. ए नरउ नाटो नमानेइ। (ए मान्छे नराम्रो नठानेस्।) २. तो/तुकन खिमा भयो। (तँलाई क्षमा भयो।) ३. तो/तु कर्तुत गरेलेइ। (तैँले काम गरिहाल्नु।) नर आफूभन्दा ठूलो, जेठो, माथिल्लो जातको भए पनि ४. भुत्याग्रो काटेलेइ। (बोको काटिहालेस्।)

धामीलाई देवता ठानी अरू मानिसले महाराज, प्रमेछोरा आदि शब्दले सम्बोधन गरको भेटिन्छ भने धामीले अरू मानिसहरूलाई 'नरउ' भनेर सम्बोधन गर्दछ। धामी र अन्य मानिसको प्रत्यक्ष वार्तालाप गर्दा धामीलाई तुमी/तोमी सर्वनामको र अन्य मानिसलाई तो/तु सर्वनामको प्रयोग गरेको भेटिन्छ। अप्रत्यक्ष रूपमा देवतालाई पुकार्दा तो/तु सर्वनामको नै प्रयोग गरेको भेटिन्छ तर देवीलाई पुकार्दा भने तुमी/तोमी सर्वनामको प्रयोग गरको भेटिन्छ। धामी तल्लो जात तथा कान्छो भए पनि उसका देवता चढेको बेला आदरार्थी शब्द तुमी/तोमी को नै प्रयोग गरिएको भेटिन्छ। धामीले फलाक्दै गर्दा अन्य साधारण मान्छेले पनि धामीसित सकेसम्म उसकै भाषा बोल्नुपर्ने हुन्छ। यसलाई उदाहरण ४ ले प्रष्ट पार्दछ। धामीले (देवता) ले मात्र प्रयोग गर्ने केही विशिष्ट शब्द हुन्छन्। ती यस प्रकार छन् :

प्रचलित शब्द	देवताले प्रयोग गर्ने शब्द	नेपाली
मान्छया	नर	मान्छे
लच्छिमीबाच्छा	धउल्दार	गाई–गोरु
भैँसी	लमसिंग्या	भैँसी
राँगो	ठेट्या	राँगो
घाँट	ठिन्का	घण्ट

अक्षता	बियाँदाना	अक्षता
छोरो	चेली	छोरो
छोऱ्याँट्टी	कन्या	छोरी
दमाया	चालामाला	दमाहा
जोई	सिंउदिनी	स्वास्नी
बोक्या	भुत्याग्रो	बोको
बामन	बर्मा	बाहुन

उपर्युक्त शब्दका आधारमा अछामी समाजमा प्रचलित संस्कृतिअन्तर्गतको द्यौगाड्न्या (पडेली) परिवेशमा भिन्न भाषिक स्वरूपको प्रयोग हुने भएकाले अछामी भाषिकाका सामाजिक उपभेद जन्मेका देखिन्छन् ।

मान्छे र सजीव तथा निर्जीव सहभागीबीचको सम्बन्ध

यहाँ सजीव भनेर मान्छे र देवीदेवताभन्दा बाहेकका सजीव प्राणीलाई सङ्केत गरिएको छ । सजीव र निर्जीवभित्र पशुपंक्षी, बोटबिरुवा, नदीनाला, ढुङ्गामाटो आदि पर्दछन् । अछामी भाषिक समाजमा यिनीहरूलाई गरिएको सम्बोधन र अभिवादनको एकोहोरो सम्बन्धबाट सामाजिक भेद देखापर्छन् । जस्तैः

१. चर चर भैँसी आमा रन् बन तेरै हो । (चर चर भैँसी आमा वन तेरो हो ।)
२. काँ जान्छइ बगन्या पानी कसको कैको माया मानी ? (कहाँ जान्छस् बग्ने पानी कसको माया मानी)
३. क्या कराउन्छै मालु काग क्या बात ल्याइ भनी ? (के कराउँछस् मालु काग के खबर ल्याइस् भनी)
४. माइती घरको माटो आया, क्या माया मान्नी छौ ? (माइती घरको माटो आयो, के माया मान्छौ ?)

माथिको भाषिक प्रयोगले अछामी भाषाका विविध सामाजिक भेदहरू देखाएको छ ।

निष्कर्ष

अछामको भोगौलिक सिमानाभित्र बोलिने नेपाली भाषाको स्वरूपलाई अछामी भाषिका भनिन्छ । पछिल्लो समयमा भाषा आयोगद्वारा प्रकाशित भाषिक प्रतिवेदनमा नेपालीमा बोलिने १४३ भाषामध्ये अछामी भाषालाई छुट्टै भाषाका रूपमा उल्लेख गरिए पनि यो भाषा नभई नेपाली भाषाको भाषिका हो । यो कुराको पृष्टि नेपाली भाषाका भाषिक निर्धारणको आधार र नेपाली र अछामी भाषिकाबीचको तुलनाका सम्बन्धमा भएका अध्ययनबाट हुन्छ । विविधता कुनै पनि समाजको आधारभूत विशेषता हो । भाषा सामाजिक व्यवहार भएकोले सामाजिक विविधताअनुसार भाषिक व्यवहारमा पनि विविधता देखापर्दछ । त्यसैले समाजका लैङ्गिक, जातीय, वर्गीय, उमेरगत, सम्बन्धगत आदि आधारमा देखापरेका भाषिक भेदलाई भाषाका सामाजिक भेद भनिन्छ । यसका आधारमा हेर्दा अछामी भाषाका पनि विभिन्न सामाजिक भेद देखा पर्दछन् । भाषाका सामाजिक भेद छुट्याउने महत्त्वपूर्ण आधारहरू शैली, सहभागी र परिवेशमध्ये सहभागी पनि एक आधार हो । सहभागीलाई आधार मानी अछामी भाषिकाको सामाजिक भेदको अध्ययन गर्दा उमेरगत भाषिक भेद, जातिगत भाषिक भेद, लिङ्गगत भाषिक भेद, शासनगत भाषिक भेद, शिक्षित र अशिक्षित भाषिक भेद र सम्बन्धगत भाषिक भेद छुट्टिएका छन् । सहभागीहरूबीचको सम्बोधन र अभिवादनका आधारमा आत्मीय तथा अनात्मीय भाषिक भेद पनि छुट्टिएका छन् ।

सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०४९). *समसामयिक नेपाली व्याकरण*. कुञ्जल प्रकाशन।

अवस्थी, महादेव (२०४०), *बैतडेली भाषिकामा स्त्रीलिङ्गी प्रयोग*. लेखक स्वयम्।

आचार्य, व्रतराज (२०४०). *हाम्रो भाषा*. लेखक स्वयम्।

ढकाल, ऋषिकेश (२०६२). *अछामी भाषिका र नेपाली भाषाका व्यकारणात्मक कोटिको तुलनात्मक अध्ययन*. अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि. वि.।

तिवारी, भोलानाथ. (सन् १९९२). *आधुनिक भाषाविज्ञान*. लिपि प्रकाशन।

नेपाल, पूर्णप्रकाश यात्री (२०३४). *सेतीको नालीबेली*. हिमाली सौगात प्रकाशन।

पोखरेल, बालकृष्ण (२०५०). *राष्ट्रभाषा*. (नवौँ संस्क.). साझा प्रकाशन।

बन्धु, चूडामणि. (२०२८). कर्णाली लोकसंस्कृति. (भाग ४ भाषाखण्ड). नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

बन्धु, चूडामणि (२०४५). (सम्पा.). *नेपाली व्याकरणका केही पक्ष*. नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

शाह, अविलाल (२०६६). *अछामी भाषिकाका व्याकरणात्मक कोटि*. इन्टेलेक्च्युल बुक प्यालेस।

श्रेष्ठ, तेजप्रकाश (२०४४). *अछामी लोकसाहित्य*. रत्न पुस्तक भण्डार।

सुवेदी, राजाराम (२०५८). *अछामको इतिहास*. श्री वैद्यनाथ प्रकाशन समिति।

Holmes, Janet. (2008). *An Introduction to sociolinguistic* (3rd edn.). Pearson Education Limited.

Yule, George. (1997). *The Study of Language*. Cambridge University Press.

Wardhaugh, Ronald. (1986). *An Introduction to Sociolinguistics*. Basil Blackwell London, Pearson Education Limited.